नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार विभाग

## ई.पी.एस.कोरिया शाखा

ग्वार्को ललितपुर ।

मितीः- २०७९/१०/०३

सूचना। सूचना। ।सूचना

### बिषयः- हवाई भाडा सम्बन्धमा ।

विश्वव्यापीरुपमा फैलिएको कोभिड- १९ का कारण ई.पी.एस. प्रणाली मार्फत द. कोरिया जाने नेपाली कामदारहरु लैजाने प्रकृया रोकिएकोमा कोभिडका कारण दक्षिण कोरिया सरकारले नेपालबाट सिधा उडानबाट मात्र ई.पी.एस. प्रणाली मार्फत आउने कामदार लिने शर्तका राखेकोले सोही शर्त बमोजिम हुने गरी नेपाल सरकार ( मन्त्रीपरिषद ) बाट रोजगार अनुमति प्रणाली संचालन तथा ब्यवस्थापन कार्यविधि, २०७३ मा सिधा उडानबाट कामदार पठाउने गरी संशोधन भई मिती २०७८ कार्तिक महिना देखि सम्बन्धित कामदारले सम्बन्धित एयरलाईन्स वा एजेन्सीबाट हवाई टिकट लिई जाने गरेका थिए । यस बिचमा हवाई भाडा दर महंगो पर्न गएको गुनासो आए पश्चात श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग र ई. पी. एस. कोरिया शाखा समेतको पहलमा हवाई भाडा दर घटाउन प्रकृया अगाडी बढाई बोलपत्र आव्हान गरिएको र नेपालबाट दक्षिण कोरियाका लागि सिधा उडान गर्ने कोरियन एयरलाईन्सको GSA ( Korean Air ) प्रास यूनिभर्सल टुर्स एण्ड ट्राभल्स संग **USD 895** मा नबढने गरी मिती २०७९ माघ ३ गते देखि लागुहुने गरी १ बर्षको लागि बिभाग स्तरबाट मिती २०७९/१०/०३ मा निर्णय भई ई.पी.एस.कोरिया शाखा र यूनिभर्सल टुर्स एण्ड ट्राभल्सका बिच संझौता भएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ । साथै ई.पी.एस. प्रणाली मार्फत द.कोरियामा गएका कामदारहरुको कुनै कारणले मृत्यू भएमा नेपाली राजदुतावासको समन्वय र सहजिकरणमा कोरियन एयरलाईन्सबाट शव ढुवानी गरी नेपाल ल्याउदा लाग्ने शूल्कमा २०% छुट दिने गरी दुई पक्षिय संझौता भएको ब्यहोरा समेत जानकारी गराईन्छ ।

०७९।१०।३

ई.पी.एस. कोरिया शाखा

ग्वार्को, ललितपुर

ग्वार्को, ललितपुर, फोन नं.: ५१८६३४९, फोन नं.: ५१८६३५०, फ्याक्स: ५१८६०८२
Website : www.epsnepal.gov.np e-mail : info@epsnepal.gov.np / epsnepal2007@yahoo.com